# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१ ) काठमाडौं, कात्तिक ७ गते २०४८ साल ( अतिरिक्ताङ्क ४६

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट वि. सं. २०४८ साल कात्तिक १ गते विजया दशमीको शुभ-उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. नेपालीहरूको महान् राष्ट्रिय चाड विजया दशमीको सुखद अवसरमा देशभित्र र बाहिरका सम्पूर्ण नेपालीहरूको सुख, समृद्धि तथा सुस्वास्थ्यको कामना व्यक्त गर्न चाहन्छौं ।

२. असत्यमाथि सत्यको विजय हुन्छ भन्ने प्रेरणा दिने यस बडा दशैंमा हामी आफ्ना मान्यजनबाट आशिष र टीका थाप्दछौं र समाजमा सुसंस्कृत रूपमा मर्यादित जीवन व्यतित गर्न अभिप्रेरित हुन्छौं । फलस्वरूप समाजको उत्थानमा एक अर्कासंग मिली अघि बढ्ने हौसला सबैमा प्राप्त भइरहेको हुन्छ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. नेपाल र नेपाली सबैसंग मित्रता चाहने भएकोले आपसी मेलमिलाप र पारस्परिक सद्‌भावनाको अभिवृद्धि भइरहोस् भन्ने चाहना राख्दछन्। सामाजिक तथा आर्थिक विकासको बाटोमा अघि सरिरहेको बेला देशमा अमन चैन र स्वस्थ वतावरणको महत्त्व रहन्छ। बेलाबखतमा देशले कठिनाइहरूको सामना गर्नुपर्दा यस प्रक्रियामा बाधा पनि पुग्न सक्छ। अहिले देशवासीमा देखा परेको बढ्दो आकांक्षा र विद्यमान वास्तविकतातर्फ सबैको ध्यान जानु पर्ने बेला आएको छ। यस परिप्रेक्ष्यमा संवैधानिक मर्यादाको सम्मान गर्दै आज देशमा द्वेष र रागबाट मुक्त आपसी विश्वास, सद्‌भाव र एकताको वातावरणमा राष्ट्रियता र प्रजातन्त्रको जगेर्नाको निमित्त अनुशासित भई अग्रसर हुनु सबैको कर्तव्य हुन आउँछ।

४. अन्त्यमा, श्री नवदुर्गा भवानीबाट प्रत्येक नेपालीलाई स्वस्थ र जाँगरिलो भई कर्तव्य पथमा अगाडि बढ्ने प्रेरणा मिलिरहोस्– यही हाम्रो कामना छ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८५०